# वन डढेलो ब्यवस्थापन तथा नियन्त्रण सम्बन्धमा सामुदायिक वन उपभोक्ता समूहहरुलाई डिभिजन वन कार्यालय डडेल्धुराको हार्दीक अनुरोध

यस बर्षको हिउँदमा बर्षात कम भई सुख्खा भएकोले वन डढेलोको जोखिम बढेको छ । वनमा डढेलो लाग्न नदिन पर्याप्त पुर्व तयारी गरी सामुदायिक वनमा डढेलो लाग्न नदिने तपशिल बमोजिमको आवश्यक ब्यवस्थाका गर्नुहुन अनुरोध छ ।

१. सामुदायिक वन उपभोक्ता समूहको आकस्मीक भेला बैठक बोलाई वन डढेलो लाग्न नदिन प्रत्थेक टोल टोलमा वन डढेलो नियन्त्रण स्वयं सेवी दस्ता, उपसमिति बनाइ सकृय हुने ब्यवस्था मिलाऔ ।

२. वन डढेलो लाग्न नदिन पर्याप्त मात्रामा सचेतनाका लागि टोल टोलमा, स्कुलहरुमा समेत प्रचार प्रसार गरौ ।

३. वन क्षेत्र भएर जाने सडक तथा पैदलमार्गको दायाँ बायाँ रहेका सुकेका, स्याउला, घाँस, सल्लीपीर लगायतका ज्वलनशिल वस्तुहरु सफा गरी नियन्त्रीत डढेलो लगाई निभाऔ ।

४. चैत्रदेखि जेष्ठ महिनासम्म थप चौकिदारको ब्यवस्था गरौँ र डढेलो नियन्त्रणका लागि अन्य थप जनशक्ति परिचालन गरौँ, वन क्षेत्रमा नियमित गस्ती बढाऔँ ।

५. वन क्षेत्र प्रवेश गर्ने नाका र आवादी जग्गासँग जोडीएका वन क्षेत्रमा निगरानी बढाऔ ।

६. घाँस काटन जाँदा, ग्वाला जाँदा वा अन्य काममा वनमा जाँदा आगजन्य पदार्थहरु जस्तै : सलाई, लाईटर आदी लैजाँदा वा प्रयोग गर्दा होशियारी अपनाऔ ।

७. वनमा सिम्ता पोल्दा, बारुलो पोल्दा र मह काड्दा आगोको सुरक्षित प्रयोग गरी तत्कालै निभाऔ ।

८. वन खण्डको चारै तर्फ सल्लेपीर, सुकेको घाँस, स्याउला, पतकर सफा गरी नियन्त्रीत डढेलो लगाऔँ ।

९. वन डढेलो लाग्ने समय अघि नै अग्नीरेखा निर्माण गरौँ र नियन्त्रीत डढेलो लगाई निभाऔँ ।

१०. सुकेका घाँस, स्याउला, पत्कर, सल्लीपीर आदी वन क्षेत्रबाट हटाई नजिकको आवादी जग्गामा ल्याई प्रयोग गर्न उपभोक्ता समूहहरुलाई प्रेरित गरौँ ।

११. चोरी शिकार गर्नेले पनि वनमा डढेलो लगाउन सक्ने हुँदा वन चौकीदार, वन समूहका सदस्यहरु, समितिका पदाधिकारीहरु र अग्नी नियन्त्रण दस्ताले चोरी शिकार गर्नेहरुको निगरानी राखौँ ।

१२. वनमा डढेलो लगाउने, लगाउन सहयोग गर्नेलाई नजिकको वन कार्यालय, प्रहरी कार्यालय वा प्रशासन कार्यालमा गोप्य सूचना उपलब्ध गराउन सहयोग गरौँ ।

१३. वन क्षेत्र नजिक घर गोठ हुने उपभोक्ता समूह सदस्यहरुले खेतबारीमा केडा पोल्दा, वा घरगोठ आसपासको झाडी सरसफाई गर्दा आगो राम्ररी निभाएर मात्र छाडौ ।

१४. वन डढेलो निभाउन पर्याप्त औजार र उपकरणहरुको समयमै ब्यवस्था मिलाऔँ ।

१५. वन डढेलोलाई सामान्य घटना जस्तो नबुझौ, यसले बोटविरुवाहरु वन्यजन्तुहरु,जैविक विविधता, वातावरण नास गरी मानव समूदायलाई समेत नकारात्मक असर पर्ने हुँदा बेलैमा सचेत होऔँ, वनलाई डढेलोबाट बचाऔँ ।

१६. वनमा डढेलो लागिहालेमा स्थानिय वन उपभोक्ता समूह सदस्यहरु, चौकीदारहरु, वन समितिका पदाधिकारीहरु, अग्नी नियन्त्रण दस्ता र स्वयंसेवी समूहहरु र स्थानिय सब डिभिजन वन कार्यालय, प्रहरी चौकी,कार्यालय, डिभिजन वन कार्यालयलाई तत्काल खबर गरी सबै मिलि वन डढेलो निभाउने कार्यमा एकजुट भई डढेलो नियन्त्रण गरौँ ।

वनमा डढेलो लगाउने, लगाउन सहयोग गर्ने र मिलेमतो गरी वन अपराधमा संलग्न हुनेहरुलाई वन ऐन बमोजिम विगो असुल गरी ६०,००० रुपैयाँ जरिवाना वा तीन बर्षसम्म कैद वा दुबै सजायँ हुने हुँदा यसको कार्यान्वयनमा सहयोग पुर्याऔ ।

वनलाई डढेलो लाग्नबाट जोगाऔँ ।
जिम्मेबार नागरिकको भुमिका निर्बाह गरौँ ॥

डिभिजन वन कार्यालय डडेल्धुरा